वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २६९ | २०८२ फागुन ०५ गते मंगलबार, नेपाल सम्वत् ११४६ February 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## तनहुँमा आइपुग्यो निर्वाचन सामाग्रि

आगामि फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्क पर्ने सामाग्रि मिलाउँदै जिल्ला निर्वाचन कार्यालय तनहुँ तथा मतदानका कार्य सम्पन्न गर्नक ालागि खट्टिएका कर्मचारीहरू । आगामि निर्वाचनका लागि तनहुँमा कायम गरिएको १४४ वटा मतदान केन्द्र मध्य ८ वटा अति संवेदनशील, ५२ वटा संवेदनशील र ८४ वटा सामान्य रहेको सूचिमा राखिएको छ ।

*तस्विर : भञ्ज्याङ*

# वैदेशिक अनुदान सिधै स्थानीय तहसम्म पुग्ने, 'डिजिटल प्ल्याटफर्म'बाट निगरानी

**अच्युत पुरी**/काठमाडौं

सरकारले जलवायु कोषबाट नेपालमा प्रवाह हुने जलवायु वित्त परिचालन सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले नयाँ कानुनी ढाँचा तयार पारेको छ । अर्थ मन्त्रालयले जलवायु वित्त परिचालन कार्यविधि २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय सहायता थप व्यवस्थित र पारदर्शी बनाउन यस्तो कानुनी ढाँचा बनाइएको अर्थ मन्त्रालयले जनाएको छ ।

कार्यविधिले वैदेशिक जलवायु वित्त छनोट, परिचालन र अनुगमनमा स्पष्ट मार्गचित्र तोकेको छ। कार्यविधि अनुसार जलवायु कोषहरूबाट प्राप्त हुने रकमलाई अर्थ मन्त्रालयले औपचारिक प्रणाली मार्फत परिचालन गर्ने छ । त्यसका लागि प्रोजेक्ट पाइपलाइन बनाएर प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्ने गरी कार्यविधि बनेको छ ।

### प्राथमिकतामा हानि-नोक्सानी सम्बोधन र जलवायु अनुकूलन

कार्यविधि अनुसार जलवायु वित्त परिचालनका लागि मुख्य तीन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। जसमा जलवायुजन्य हानि-नोक्सानी सम्बोधन, जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित क्षेत्र र भूगोलमा अनुकूलन कार्यक्रम र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित हुनुपर्ने समेत कार्यविधिले तोकेको छ । परियोजना छनोट गर्दा भौगोलिक सन्तुलन, रोजगारी सिर्जना र लाभान्वित जनसंख्या मुख्य आधार बनाइने भएको छ । परियोजनाको काममा स्रोत केन्द्रित गर्न कार्यविधिले परियोजनाको कुल लागतको अधिकतम २० प्रतिशतमात्र प्रशासनिक र प्राविधिक सहायतामा खर्च गर्न पाउने सीमासमेत तोकेको छ ।




### स्थानीय र प्रदेश सरकारलाई बढी भूमिका

कार्यविधिले संघीयताको मर्म अनुसार जलवायु वित्तलाई तल्ला सरकार समक्ष पुर्‍याउने गरी प्रावधान राखेको छ । नेपाल सरकारले सञ्चालन गर्ने राष्ट्रिय कार्यक्रमहरूमा जलवायु वित्त परिचालन गर्दा जुन तहबाट कार्यक्रम प्रभावकारी हुन्छ, सोही तहलाई 'ससर्त अनुदान' का रूपमा रकम हस्तान्तरण गरिने कार्यविधिमा उल्लेख छ । एकमात्र स्थानीय तहको कार्यक्षेत्र भए सिधै सोही स्थानीय तह र एकभन्दा बढी स्थानीय तह भए प्रदेश सरकारलाई प्राथमिकता दिइने कार्यविधिमा उल्लेख छ । जसका माध्यमबाट जलवायु जोखिममा रहेका स्थानीय समुदाय समक्ष केन्द्रित कार्यक्रम र स्रोत पुग्ने छ ।

कार्यविधिमा भनिएको छ, 'संघको अधिकार क्षेत्रभित्र पर्ने विषयको परियोजना तथा जलवायु सम्बन्धी राष्ट्रिय वा स्थानीय तहबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिए एउटामात्र स्थानीय तहको कार्यक्षेत्र भए स्थानीय तह र एकभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र भए ससर्त अनुदान प्रदान गरी सोही तहबाट कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्ने छ ।'

परियोजनाको प्राथमिकता सूची अर्थ मन्त्रालयले बनाउने भएको छ । मन्त्रालयले आवधिक वा जलवायु कोषले माग गरेका बेला राष्ट्रिय रूपमा बाँडफाँट गरेको रकम प्रयोग गरी जलवायु वित्त परिचालन गर्ने परियोजनाका लागि परियोजना प्राथमिकता सूची बनाउने छ । यसपछि जलवायु कोषमा पहुँच स्थापित गर्न आवश्यक विधि तय गरिएको छ। जस अनुसार मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजनाको प्राथमिकता सूचीमा भएका परियोजनाको अवधारणापत्रलाई आवश्यकता अनुसार सम्बन्धित जलवायु कोषमा पठाउन वा सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउन सक्ने कार्यविधिमा उल्लेख छ ।

### निजी र गैरसरकारी क्षेत्रलाई जिम्मेवार बनाउने प्रयास

कार्यविधिले निजी क्षेत्रले पनि जलवायु वित्तमा पहुँच पाउन सक्ने गरी बाटो खोलेको छ। तर, त्यसका लागि नेपाल सरकारलाई भविष्यमा कुनै वित्तीय दायित्व सिर्जना नहुने सुनिश्चितता हुनुपर्ने छ । निजी क्षेत्रका परियोजना छनोट गर्दा सार्वजनिक सूचना जारी गरी पारदर्शी प्रतिस्पर्धा गराउनुपर्ने प्रावधान कार्यविधिमा राखिएको छ।

गैरसरकारी संस्थाहरूले समाज

*बाँकी अन्तिम पेजमा*

# देशलाई नयाँ चरणमा लैजाने जिम्मेवारी कांग्रेससंग छ : कांग्रेस उपसभापति शर्मा

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले बदलिँदो अवस्थामा पुस्तान्तरबीचको दूरी घटाएर देशलाई विश्वासको नयाँ चरणमा लैजाने जिम्मेवारी कांग्रेससँग मात्र रहेको बताएका छन् ।

नेपाली कांग्रेस तनहुँद्वारा दमौलीमा समेबार आयोजित आसन्न प्रतिनिधिसभा निर्वाचनका सन्दर्भमा आयोजित बृहत् जिल्ला भेलालाई सम्बोधन गर्दै उपसभापति शर्माले बदलिएको कांग्रेसले अब देशको आसन, भाषण र शासनमा सुधार गर्ने बताउँदै कुनै पनि व्यक्ति सत्तामा निरन्तर आसन जमाउने परम्परा भत्काउने बताए

उपसभापति शर्माले अब उप्रान्त कोही पनि प्रधानमन्त्री र मुख्यमन्त्री दुई पटकभन्दा बढी रहन नपाउने उनको भनाइ छ । चुनावी मैदानमा गाली होइन प्रेम सम्प्रेषण गर्नुपर्ने भन्दै उपसभापति शर्माले स्वस्थ आलोचना स्वभाविक हुने, तर अरूलाई गाली गरेर राजनीतिलाई स्वस्थ बनाउन नसकिने बताए ।



चुनाव जित्ने नाममा जे पनि आश्वासन दिएर, समाजमा भोलि निराशा जगाउने कार्य भाषण र घोषणापत्रहरू मार्फत नगर्न उनको आग्रह छ । उनले भने, 'देशको शासनमा जे-जस्तो सुधार गर्न जरूरी छ, त्यसको केस्राकेस्रा केलाएका छौं हामीले । जेनजी विद्रोहको भावना बमोजिमको त्यो सुधार, परिमार्जन र समग्रमा परिवर्तनलाई हामी सम्भव बनाउने

*बाँकी अन्तिम पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## संस्कृति र पर्यटनको संगम : बच्र्याङको सन्देश

तनहुँको म्याग्दे गाउँपालिका-३ स्थित बच्र्याङ गाउँ 'ग्रामीण पर्यटन प्रवर्द्धन तथा मगर संस्कृति चिनारी'का लागि उत्कृष्ट गन्तव्यका रूपमा विकास हुँदै गएको छ । यहाँ भएको एक कार्यक्रमले गाउँको पहिचान, सम्भावना र भविष्यको दिशाबारे गम्भीर बहस प्रारम्भ गरेको छ । ग्रामिण भूगोल, मौलिक संस्कृति र कृषि परम्पराले समृद्ध बच्र्याङले अब पर्यटनमार्फत दिगो विकासको मार्ग समात्न सक्ने संकेत दिएको छ । दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसले आदिवासी जनजातिको भाषा, संस्कृति, कला र साहित्य संरक्षणसँगै ग्रामीण पर्यटनलाई जोडेर वार्षिक कार्ययोजना अघि बढाउँदै आएको सन्दर्भमा बच्र्याङमा कार्यक्रम सञ्चालन गर्नु सकारात्मक कदम हो । शैक्षिक संस्थाले समुदायसँग सहकार्य गर्दै ज्ञान र व्यवहारलाई जोड्नु आजको आवश्यकता हो । विश्वविद्यालय र क्याम्पसहरु केवल कक्षा कोठामा सीमित रहँदा समाजसँगको सम्बन्ध कमजोर बन्छ; तर समुदायमै पुगेर स्थानीय संस्कृति र सम्भावनाको अध्ययन-अनुसन्धान गर्नु भनेको ज्ञानलाई व्यवहारमा उतार्नु हो । समुद्री सतहबाट करिब ९५० मिटर उचाइमा अवस्थित मगर बस्ती हो बच्र्याङ गाउँ । करिब ८५ घर मगर समुदाय बसोबास गर्ने यो गाउँ दमौली बजारबाट करिब ७ किलोमिटर दूरीमा छ भने प्रख्यात पर्यटकीय स्थल मानुकोटबाट करिब ३ किलोमिटर टाढा पर्छ । भौगोलिक दृष्टिले सुगम र प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो क्षेत्रलाई व्यवस्थित रूपमा प्रवर्द्धन गर्न सकिए ग्रामीण पर्यटनको उत्कृष्ट नमूना बन्न सक्छ । ग्रामीण पर्यटन भनेको केवल घुमफिर मात्र होइन; यो जीवनशैली, परम्परा, कृषि, खानपान र संस्कृतिको समग्र अनुभव हो । शहरका मानिसहरु कृत्रिम जीवनशैलीबाट थाकेका बेला उनीहरूलाई गाउँको मौलिकता, शान्त वातावरण र स्थानीय परिकार आकर्षक लाग्छ । बच्र्याङमा सुन्तला खेतीको पकेट क्षेत्र घोषणा हुनु, रैथाने बाली पीडालु, तोरी, कोदो, मकै, मास, फापरको उत्पादन हुनु, जलवायु मैत्री कृषिमा अग्रसर हुनुजस्ता पक्षहरूले यसलाई कृषि पर्यटनको केन्द्र बन्ने सम्भावना देखाउँछन् ।

तर सम्भावना हुनु मात्र पर्याप्त हुँदैन; त्यसलाई योजनाबद्ध ढंगले व्यवस्थापन गर्नुपर्छ। ग्रामीण पर्यटन विकासका लागि तीन आधारभूत पक्ष आवश्यक हुन्छन्-पूर्वाधार, क्षमता विकास र पहिचानको संरक्षण । बच्र्याङमा होमस्टे सञ्चालन भइसकेको छ, तर होमस्टेको गुणस्तर, सरसफाइ, सेवा-सुविधा र आतिथ्यतालाई अझ व्यवस्थित गर्नुपर्ने देखिन्छ । स्थानीय युवालाई पर्यटनसम्बन्धी तालिम, भाषा सीप, विपद् व्यवस्थापन र डिजिटल प्रचारप्रसारको ज्ञान दिनु जरूरी छ । यसका लागि स्थानीय सरकार अर्थात गाउँपालिकाले विशेष भूमिका खेल्नुपर्ने देखिन्छ । यससँगै मगर संस्कृतिको संरक्षण प्राथमिक शर्त हो । परम्परागत नाच-गान, भेषभूषा, भाषा र संस्कारलाई 'प्रदर्शन'का रूपमा मात्र होइन, जीवन्त अभ्यासका रूपमा जोगाउनुपर्छ । संस्कृति व्यापारिक वस्तुमा परिणत हुँदा मौलिकता हराउने खतरा हुन्छ । त्यसैले पर्यटन विकास र सांस्कृतिक संरक्षणबीच सन्तुलन कायम गर्नु अनिवार्य छ । कार्यक्रममा पर्यटनविद् र समुदायका अगुवाले ग्रामीण पर्यटनको दिगोपनाबारे चर्चा गरेका छन् । दिगो पर्यटन भन्नाले वातावरणमैत्री, समुदायमुखी र आर्थिक रूपमा न्यायपूर्ण अभ्यास हो । गाउँमा पर्यटक बढेपछि फोहर व्यवस्थापन, पानी स्रोत संरक्षण, वन क्षेत्रको जगेर्ना र स्थानीय उत्पादनको प्रोत्साहनलाई सँगै अघि बढाउनुपर्छ । अन्यथा पर्यटन आफैं समस्या बन्न सक्छ । स्थानीय सरकारको भूमिका यहाँ अत्यन्त महत्वपूर्ण छ । गाउँपालिकाले सुन्तला खेतीको पकेट क्षेत्र घोषणा गरेको कदम स्वागतयोग्य भए पनि कृषि उत्पादनलाई पर्यटनसँग जोड्ने रणनीति आवश्यक छ । उदाहरणका लागि, सुन्तला टिप्ने अनुभव, कोदो-फापरका परिकार बनाउने कार्यशाला, मगर संस्कृतिसम्बन्धी जीवित संग्रहालय वा सांस्कृतिक साँझ आयोजना गर्न सकिन्छ। यसले पर्यटकलाई केवल बस्ने ठाउँ होइन, अनुभव दिन्छ ।

त्यस्तै, दमौली र मानुकोटसँगको नजिकको दूरीलाई बजार प्रवर्द्धनमा प्रयोग गर्न सकिन्छ। मानुकोट सूर्योदय-सूर्यास्तका लागि प्रसिद्ध छ; त्यहाँ पुग्ने पर्यटकलाई बच्र्याङमा रात बिताउने प्याकेज बनाउन सकिन्छ । स्थानीय तथा प्रदेशस्तरका पर्यटन बोर्डले यस्ता गन्तव्यलाई संयुक्त रूपमा प्रचार गर्नुपर्छ । ग्रामीण पर्यटनले रोजगारी सिर्जना गर्न सक्छ। विदेश पलायन भइरहेका युवालाई गाउँमै अवसर दिन सकिए सामाजिक संरचना बलियो हुन्छ । महिलाहरु होमस्टे, कृषि उत्पादन प्रशोधन, हस्तकला र सांस्कृतिक कार्यक्रममार्फत आर्थिक रूपमा सशक्त बन्न सक्छन्। यसले समावेशी विकासको आधार तयार गर्छ । यद्यपि, चुनौतीहरु पनि कम छैनन्। सडकको अवस्था, नियमित यातायात, स्वास्थ्य सुविधा, सञ्चार सेवा र आपतकालीन व्यवस्थापनजस्ता पक्ष सुदृढ नभए पर्यटकको विश्वास जित्न कठिन हुन्छ। पर्यटन विकासलाई दीर्घकालीन योजनामा समेट्दै बहुवर्षीय लगानी योजना आवश्यक छ । बच्र्याङको कार्यक्रमले एउटा स्पष्ट सन्देश दिएको छ- ग्रामीण पर्यटन केवल आर्थिक गतिविधि होइन, पहिचान जोगाउने अभियान पनि हो। शैक्षिक संस्था, स्थानीय सरकार, समुदाय र निजी क्षेत्रबीच सहकार्य भए मात्र सम्भावना वास्तविकतामा परिणत हुन्छ।

नेपालको पर्यटन प्रायः हिमाल, सहर र ठूला गन्तव्यमा केन्द्रित छ । तर देशको वास्तविक आत्मा गाउँमा बस्छ। ती गाउँमा भाषा, संस्कृति, कृषि र सहजीवनको धरोहर सुरक्षित छ। बच्र्याङजस्ता गाउँले यदि आफ्नो मौलिकता जोगाउँदै योजनाबद्ध विकासको मार्ग रोजे भने ग्रामीण पर्यटनले समग्र अर्थतन्त्रमा सकारात्मक योगदान पु¥याउन सक्छ । बच्र्याङको पहललाई एउटा नमूना अभ्यासका रूपमा लिन सकिन्छ। यसले देखाएको बाटो स्पष्ट छ- संस्कृतिलाई जोगाउँदै पर्यटन विकास गर्ने। अब आवश्यक छ निरन्तरता, नीति-समन्वय र प्रतिबद्धता । सम्भावनालाई शब्दमा मात्र सीमित नराखी व्यवहारमा उतार्न सके बच्र्याङ मात्र होइन, देशभरिका गाउँहरूले समृद्धिको नयाँ कथा लेख्न सक्नेछन् ।

# डिजिटल मासुभातको युगमा हामी पत्रकार

एमाले महाधिवेशन सकिनेबित्तिकै अध्यक्ष केपी ओलीले प्रेस स्वतन्त्रता संकटमा परेको अभिव्यक्ति दिंदासम्म उनी कुन नियतका साथ यसो भनिरहेका छन् भनी आशंका गर्ने ठाउँ थियो । ओली दोस्रोपल्ट प्रधानमन्त्री रहेका बेला ०७६ सालमा पहिलोपटक, अनि ०८१ मा दोस्रोपल्ट प्रेसलाई कस्न खोजिएको दृष्टान्त हामीसँग थियो । कतिसम्म भने ०७७ माघ १८ गते उनी चितवन भरतपुर विमानस्थलमा हेलिकप्टर चढेर पुग्दा त्यहाँ उपस्थित पत्रकार शान्ता अधिकारीले ओढेर आएको कालो रंगको सल समेत खोल्न लगाइयो । कालो रंगलाई विरोधको प्रतीक हुन सक्ने मानेर यस्तो गरिएको थियो । सूचना प्रविधि विधेयक र मिडिया काउन्सिल विधेयकमा राख्न खोजिएका व्यवस्था, अनि सामाजिक सन्जाल प्रतिबन्धसँगै जोडिएको जेनजी विद्रोहले विगतको ओली शासनको सामान्य शैलीबारे झलक दिन्छन्।

तर एक महिनाअघि कोटेश्वरको एक रेस्टुरेन्टमा सम्पादकहरूसँग अध्यक्ष ओलीले पत्रकारिताबारे अनौठोसँग चिन्ता व्यक्त गरे। उनले सम्पादकहरु खुलेर लेख्न बोल्न नसकिरहेको टिप्पणी गरे । ओली केही न केही बोलिरहन्छन् । त्यो दिन पनि बोले, सकियो । कांग्रेस विशेष महाधिवेशन सकिनेबित्तिकै सभापति गगन थापाले ओलीकै प्रकृतिको अभिव्यक्ति दिएपछि भने सोच्ने ठाउँ मिल्यो । अनलाइनखबरसँग झन्डै दुई घण्टा लामो अन्तर्वार्ता क्रममा थापाले मिडिया डराइरहेको छ भनी आलोचना गरे । 'म चाबुक लगाउने होइन, हजारौं सरकारी सेवा सुधार्ने प्रधानमन्त्री बन्न चाहन्छु' 'एक राजनीतिकर्मीका रूपमा म तपाईंसँग डराउनुपर्ने हो, तर उल्टै तपाईं प्रेसकर्मी मसँग डराइराख्नुभएको छ भने यो उचित अवस्था होइन', थापाले हामीसँग भने, 'आज मिडिया डराएको अवस्थामा छ । कसैलाई आलोचना गरियो भने उसले के भन्देला कि भनेर हच्केको छ ।'

सभापति थापासँग लामै कुरा गरे पनि नेपाली प्रेसबारे उनले दिएको अभिव्यक्तिले म केही दिनसम्म रन्थनिएँ। चुनावको मुखमा यति बेला बलियो सरकारको चाहना व्यक्त हुँदैगर्दा बलिया नागरिकको खोजी कसरी गर्ने भन्ने प्रश्नमा आफैं परें । किनभने, त्यो बलियो नागरिक निर्माण गर्न बलियो प्रेस अपरिहार्य छ। तर चुनावी घरदैलोमा जाने केही शीर्षस्थ नेता खुलेआम प्रेसलाई धम्क्याइरहेका छन् । आफूमाथिका मुद्दामामिला अझै बाँकी छन् । कोही तारेख धाइरहेका छन् । तर पत्रकार, विश्लेषक, विज्ञ, नागरिक अगुवा भन्दै धाकधम्की स्पष्ट रूपमा जारी छ। ती को-को हुन् भनेर खोज्नुपर्ने, तथ्य बाहिर ल्याउनुपर्ने आवश्यकता छ । थोमस जेफरसनको प्रसिद्ध भनाई छः 'पत्रकारिता बेगरको सरकार वा सरकार बेगरको पत्रकारितामध्ये के रोज्छौ भनियो भने म दोस्रो विकल्प रोज्नेछु।' जेफरसन बितेर गएको ठ्याक्कै दुई सय वर्ष पुग्यो । नेपालमा भने दुई शताब्दी पूरा पुग्दा पनि नेपाली पत्रकारिता औपचारिक सत्ताशक्ति वा अदृश्य सत्ताशक्तिको भयसहित घिटीघिटी अघि बढिरहेको छ । दक्षिण र पूर्वी एसियाका देशहरूभन्दा समुन्नत अवस्थामा रहेको भनिए पनि नेपाली प्रेसले पछिल्ला वर्षहरूमा भोगिरहेको आफ्नै कथाव्यथा छ ।

सैन्यबलमा सत्ताशक्ति हत्याएका राजाको शासनमा नडराएको प्रेस, माओवादीको हिंसात्मक युद्धकालमा प्रेस लेखेर हिंडेकै भरमा ढुक्क प्रेस, विभिन्न तनावपूर्ण वातावरणमा पनि पहेंलो ज्याकेटलाई सुरक्षाकवच मानेको नेपाली प्रेस आज किन कसैले झोले भन्देला कि, कसैले बाह्र भाइ भन्देला कि, कसैले भिडियो क्यामरा अन् गरेर धम्क्याउला कि भनी दुईपल्ट सोच्ने ठाउँमा पुग्यो ? दृश्यमा देखिने सत्ता र हिंसात्मक विद्रोहीको सेन्सरसिपसँग नडराएको नेपाली प्रेस किन अदृश्यमान् भिडको डरैडरमा सेल्फ सेन्सरसिपको छेउछाउ हिंडिरहेको छ? ओलीलाई सत्ता गुमाएको झोंक र पीडामा अतिशयोक्ति बोल्न मन लाग्यो होला । छोटो काल स्वास्थ्यमन्त्री हुनेबाहेक सत्तामा नगएका कांग्रेस नेता थापासामू प्रेस तर्साउने कुनै अभिप्राय नहोला भनी सोच्ने ठाउँ थियो ।

यो एमाले अध्यक्ष ओली वा कांग्रेस सभापति थापाको अभिव्यक्तिको कुरामात्रै होइन, अरु नेताको अभिव्यक्ति, अनि हाम्रो आफ्नै पेशागत जीवनको प्रतिविम्बनमा पनि चिन्तन गर्ने विषय भएको छ । हामीलाई यति बेला कुनै नेताबाट सुरक्षा चाहिएको होइन । हामीलाई आफ्नै संविधानप्रदत्त अधिकारको खुलेआम अभ्यास गर्ने वातावरणको सुनिश्चितता चाहिएको छ । हामी नयाँ पुराना भनिने सबै दलहरूले, त्यसका नेता कार्यकर्ताले यो संवैधानिक सुनिश्चितताको निर्बाध प्रयोग हुने वातावरण सिर्जना गर्छन् कि गर्दैनन् भनी परीक्षण गर्न चाहन्छौं । अपवादजन्य विकृति प्रेसमात्रै होइन, चिकित्सक, पाइलट, शिक्षक, पसले, किसान, साहित्यकार वा जुनसुकै पेशा क्षेत्रमा पनि हुन्छन् । तर तिनलाई नियम होइन, अपवाद मान्नुपर्छ । त्यस अनुसार प्रत्येकलाई कानुन लाग्नुपर्छ ।

आज हामी नेपाली प्रेस र लोकतन्त्रको भविष्यमा डिजिटल माध्यमकै प्रयोग गरेर बलात् आक्रमण र अभिव्यक्ति स्वतन्त्रताको निर्लज्ज दुरूपयोगबारे केही विमर्श गर्ने पर्ने ठाउँमा उभिएका छौं । यसमा हामीले आफैं कहाँ चुक गर्‍यौं, वा हाम्राबारे आम रूपमा फैलिएको भ्रम चिर्न असमर्थ रह्यौं- समीक्षा गरौं । जर्ज अर्वेलको भनाई छः यदि स्वतन्त्रताको कुनै अर्थ र महत्व छ भने त्यसको अर्थ मानिसहरूलाई ती कुरा सुनाउने




स्वतन्त्रता हो, जुन उनीहरु सुन्न चाहँदैनन्। तर आज सत्ताशक्तिमा रहेको, सत्तामा जान चाहेको कुनै व्यक्तिलाई सार्वजनिक जवाफदेहीताको प्रश्न सोधेको भरमा हामीलाई झोले करार गर्ने अवस्था छ ।

यसरी झोले भनेर नियोजित रूपमा लाग्नेहरूको समूह ठूलो छैन । प्रेसबाट वर्षौंसम्म प्रश्न सोधिएकाहरु र तीसँग स्याटेलाइटजसरी जोडिएको निकट समूहले नियोजित आरोप लगाइरहेको छ । आम सर्वसाधारणको एउटा ठूलै हिस्साले वास्तविक कुरै नबुझी त्यो तर्क सुन्न रूचाइरहेको छ । जनताले बुझ्दैनन्, हामीले मात्रै बुझेका छौं भन्ने कत्ति पनि भ्रम छैन यो पंक्तिकारलाई। हामी उपदेश फर्माउने ठाउँमा छैनौं । हामी संवादको प्रभावकारी स्पेस किन आक्रमणमा छ, यसको कारण र उपाय के हो भन्नेबारे छलफल गर्न खोजिरहेका छौं । भूपी शेरचनले म केवल एक भोट हुँ भनी व्यंग्यात्मक कविता लेखेका थिए । के हामी 'म केवल एक ट्रोल हुँ' भन्ने अवस्थामा आइपुगेका हौं? आत्मचिन्तन गरौं।

हिजो पन्चायतमा होस् या बहुदलकालको, अनि गणतन्त्रको शासनकालमा रहेर अख्तियार दुरूपयोग गरेकाहरु, अदालतमा मुद्दा खेपेकाहरु, जेल बसेकाहरु, तारिख धाइरहेकाहरु समेत प्रेसलाई लखेट्न, गिज्याउन लागिपरेका छन्। 'पत्रकार र विश्लेषकलाई मार्नुपर्छ' भनेर आपत्तिजनक अभिव्यक्ति दिनेहरु को हुन्, र तिनले कुन उद्देश्यका लागि प्रेसलाई झोले भन्दैछन्, राम्रोसँग चिनौं ।

विगतमा सत्ताको तर मारेकाहरूले आज आफूलाई भिक्टिम अर्थात् पीडितजस्तो देखाउँदै किन र कसरी पुनरोदय खोजिरहेका छन्, खोजौं । यो केवल ओली, देउवा, प्रचण्ड वा कसैको पक्षमा गरिएको तर्क हुँदै होइन । उनीहरूलाई त इतिहासले ढिलोचाँडो बिदा गर्नेवाला नै थियो । जेनजीहरूले त्यो प्रक्रियालाई छिटो पारिदिए, जो स्वाभाविक थियो । किन्तु यो इतिहासको यो विन्दुमा नागरिकको जायज आवाज किन नन्इस्यु देखाएर कुन्ठित पारिँदैछ भनी सोधिएको प्रश्न हो । अघिल्लो महिना प्रधानन्यायाधीश र न्यायाधीशहरूले फैसला गरेको आधारमा धाकधम्की र शृंखलाबद्ध आरोप खप्नुपर्ने अवस्था आइरहेको भन्दै संस्थागत चिन्ता जाहेर गरेका थिए । यो केवल व्यक्तिको कुरा थिएन, बरु प्रणालीको थियो । यो चिन्ता अब प्रेस, न्यायालय वा दलहरूले मात्रै गरेर पुग्दैन। यो नागरिकसम्मत चिन्ता हो ।

त्यसैले कसैलाई दुई लाइन नपढी गाली गर्नुपूर्व सम्झनुस्- कसैको झोले भन्न र बन्न हामी यो जीवनमा आएको होइन । पत्रकारिता पेशा स्वयं प्रश्नको घेरामा हुनु समस्या होइन । हामीलाई जसरी लाञ्छित गर्ने क्रम बढेको छ, यसरी लाञ्छित गर्नेहरु पृष्ठभूमि खोज्दै जाँदा हामी अनौठो ठहरमा पुग्छौं । पत्रकारितालाई प्रश्न होइन लाञ्छित गर्नेमा केही वर्षअघिसम्म मिडियामा (पत्रकारिता होइन) औसत प्रदर्शन गरिरहेका र हाल राजनीतिक उद्यममा हात हालिरहेका केही व्यक्ति भेटिन्छन्। मिडियामा हुँदा तिनको सास गन्हाउँथ्यो, अहिले राजनीतिमा हुँदा तिनको हात गनाउन शुरू गरेको छ ।

०८२ को फागुन अर्थात् यो महिना जनमत परीक्षणको विशेष महिना हो । प्रतिनिधिसभाका लागि नयाँ प्रतिनिधि चुनेपछि मतदाताको पहिलो चरणको काम सकिन्छ । त्यसपछि पनि हाम्रो लोकतन्त्रका सामुन्ने चुनौती बाँकी नै रहने छन्। र, हाम्रो खाँचो त्यसपछि पनि परिरहने छ। यस अर्थमा हामीलाई आसन्न चुनावले दिने जुनसुकै नतिजाको आकलन सम्झेर उत्तेजित वा निरूत्साहित हुने छुट छैन । राज्यको चौथो अंग भन्ने गरिए पनि हामी राज्यको कुनै औपचारिक इकाई र अंग होइनौं । हामीलाई भोलि पनि नागरिककै बृहत् हिस्सामा बसेर सत्ताशक्तिलाई प्रश्न सोधिराख्नुपर्ने छ । सत्तामा जो आओस्, हामी निरन्तर चनाखो प्रश्नकर्ता बनिरहने छौं । हामी संविधानबाट शासित छौं, अनि हाम्रै आचारसंहिताबाट । हामी सत्ताबाट पो स्वतन्त्र छौं, तर स्वयंका पेशागत मान्यताहरूबाट बाँधिएका। माथि नै भनिसकियो, हामी पत्रकारिताजस्तो स्वायत्त र खुला क्षेत्रमा कसैको झोले बन्नलाई आएको होइन ।

तर म देखिरहेको छु, पछिल्लो एक महिनायता सिंगो पेशालाई थुक्न, बदनाम गर्न वा डिसमिस गर्न ती व्यक्ति सक्रिय देखिन्छन्, जसको जीवनको उर्वर समय यो पेशामा बितेको थियो । पत्रकार बन्न होइन, स्टार बन्न ती यो क्षेत्रमा आएका थिए । धेरथोर स्टारडम बटुले । घरकार पनि जोडे होलान् । आज युट्युबमा डलर फल्छ भनेर सस्तो, कमसल गुणस्तरको असम्पादित सामग्री उत्पादन गर्दैछन् तिनले ।

समाजमा विष फैलाएर परिवार पाल्ने मनसाय किमार्थ सही होइन । तिनले जतिसुकै ठूलो विदेशी डिग्री लिए पनि त्यो खासमा विद्वेषी हो। समाज भाँड्ने र आगजनीमा रमाउने बाहेक तिनको कुनै दोस्रो प्रयोजन छैन । तिनले हिजो पत्रकारिता गर्दा नेपाल

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
कर्मयोगले नयाँ मोड लिनेछ भने पुरूषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ।

**वृष**
काममा धेरै दौडधुप गर्नुपर्दा स्वास्थ्य कमजोर हुनेछ । अर्थ अभावले पनि मन पिरोलिन सक्छ ।

**मिथुन**
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

**कर्कट**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

**सिंह**
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

**कन्य**
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**तुला**
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । परिवारजनको साथ रहन्छ।

**वृश्चिक**
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

**धनु**
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ ।

**मकर**
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भौतिक साधन जुट्नेछन् ।

**कुम्भ**
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

**मीन**
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।

# डिजिटल मासुभातको युगमा ..........

स्वर्ग थिएन । आज उनीहरूले हप्तैपिछे फुटेज पाउन छाडे भन्दैमा नेपाल आज पनि स्वर्ग बनिहालेको छैन । स्वर्गको अपेक्षा केवल अतिरञ्जना हो। नेपाली पत्रकारिता, अझ नेपाली भाषाको पत्रकारिता प्रश्नरहित छैन। यसमाथि लामा रिपोर्ताज लेखिन सक्छन् । अग्रज पत्रकार केदार शर्माले एकपल्ट भनेका थिए, 'पत्रकारलाई 'पत्रुकार' लेख्नेको विचार सुन्ने मलाई कुनै रूचि छैन ।' पेशाप्रति न्यूनतम् समझदारी बेगर लाञ्छित गर्नेउपर उनको खेद थियो ।

पत्रकारको नाममा गन्हाएका साासले राजनीतिलाई सोधेको प्रश्न जसरी मिलेको थिएन, आज राजनीतिको नाममा गन्हाएका हातले पत्रकारितालाई लगाएको लान्छना पनि त्यसरी नै मिलेको छैन । किशोर नेपालदेखि विजय कुमारसम्म, रवि लामिछानेदेखि टंक दाहालसम्म, पुरूषोत्तम दाहालदेखि सरला गौतमसम्म- हामी एक साथ सामूहिक छलफल गरौं । बहसलाई कुनै आरोप लगाएको भरमा वर्जित गर्नेहरूबाट सतर्क रहौं । रूपचन्द्र विष्टले भनेझैं, हामी कसैका होइनौं । सत्य र ठिक हाम्रा । हामी सत्य र ठिकका ।

तर के हामी यो जोखिम उठाउन तयार छौं ? खासगरी त्यो बेलामा, जुन बेला लोकरिझ्याइँको लोभमा सिंगै समाज सती जाने खतरा छ । प्रियतावादको दस सेकेन्ड रिल्सले हामीमध्ये धेरैको मस्तिष्कलाई यसरी विषाक्त बनाउँदै छ, आउने पुस्ताले हाँक्ने समाज कस्तो होला भन्ने कल्पना गर्दा पनि कहाली लाग्छ । ओली, देउवा, प्रचण्डलाई देखाएर अतितका उपलब्धिलाई धारेहात लगाउन सजिलो छ । दस वर्षअघि बनेको संविधान र त्यसअन्तर्गत नै चलिरहेको सत्तालाई फेरि पनि सुझबुझ र पोख्त समन्वयसाथ चलाउनुपर्ने छ भन्ने दायित्व सम्झनु पनि उत्तिकै जरूरी छ ।

सोसल मिडिया नहुँदासम्म धेरै मतदाताको हैसियत नागरिक होइन, रैतीको जस्तो थियो । चुनावले गरिबी अन्त्य गर्दैन, बरु गरिबको बेइज्जतीमात्रै गर्छ भन्ने दृष्टान्त यसअघिका प्रचार अभियानमा देखिन्थे। त्यहाँ जनता सचेत नागरिक होइन, पैसावालहरूको भोटबैंकमात्र हुन्थ्यो। अहिले त पैसा पनि खर्च गर्नु पर्दैन, मोबाइलको दस सेकेन्ड रिलमा पसेर 'डिजिटल मासुभात' खुवाए पुग्छ। सनरुफ खोलेर अभिवादन गरिरहेका उम्मेदवारसँग प्रश्न सोध्ने ताकत कसैको छैन, ती त उम्मेदवार देखेर परैबाट चमत्कृत छन् ।

डिजिटल मासुभात जेनजी अध्येता नोबेलप्रसाद रिमालको शब्द निर्माण हो । अनलाइनमा ठूलो चर्चा वा हल्ला सिर्जना गर्न सक्नुलाई सफलता मान्ने, लाइक शेयर कमेन्ट ट्रेन्डिङ आदिलाई वास्तविक उपलब्धि मान्ने, नियोजित ट्रोल चलाउने काम डिजिटल मासुभातको अंश हो । पहिले पहिले चुनावमा मासुभात वा रक्सी खुवाएपछि मतदाता नजिकिन्छन् भन्ने बुझाइ थियो । अहिले त कतिपयका लागि डिजिटल मासुभात काफी हुने भयो! सबै मतदाता यस्तै ठान्छन् भन्ने होइन, तर कतिका लागि मेलोड्रामाटिक म्युजिक हालेर गरिने इमोसनल अत्याचार अब पर्याप्त भइदियो। विदेश जानु बाध्यताको मात्रै उपज हो, यहाँ कुनै अवसर छैन, करिअर छैन भन्ने भावनाका व्यापारीहरूले यथार्थलाई सक्दो बढाइचढाइ गरे ।

परिवार छाडेर विदेशिनेको कथा यहाँमात्रै होइन, छिमेकका देशमा त्यस्तै छ। अमेरिकाकै कतिपय राज्यहरूमा बसाइसराइ तीव्र छ । तर यो यथार्थ छोपेर नागरिकको संवेदनालाई अर्को पाटो नदेखाई राजनीतीकरण गर्न खोजियो । अनि घरमा चुनावी मसलासहित फोन गर्न लगाइयो । के हामी चुनावका लागि मात्रै हौं ? चुनावपछि हाम्रो जीवन छैन? के फेरि चुनाव आउँदैन ? के यी उम्मेदवारलाई भोलि फेरि परीक्षण गर्नुपर्ने छैन ? तर बाँचिन्जेल पुन:निर्वाचित भइराख्ने केही 'पुराना' नेताको आजीवन आकांक्षाको व्यवस्थापन गर्न तिनका पार्टीहरु औजारजसरी काम गर्न खोज्दा लोकतन्त्रमा नागरिकहरु भड्किए । आज हामी डिजिटल मासुभात खाँदै खराब रोज्ने कि खत्तम भन्ने छलफलमा छौं। र यो बहसलाई सामुहिकता र सामुदायिकताले होइन अल्गोरिद्मले अपहरण गरिसकेको छ।

खैर, डिजिटल मासुभातको कुरामा आउँदा- खोज पत्रकारिता केन्द्रले दुई साताअघि धुलिखेलका आयोजना गरेको सम्पादक भेलामा रिमालले यो विषय मज्जाले बुझाएका थियो । याद रहोस्, नेपालमा रवि लामिछानेले दोषारोपण गरेझैं सम्पादकहरु नियमित मिटिङ गर्दैनन्। वर्षमा एक वा दुईपल्ट खोज पत्रकारिता केन्द्रले भेटघाट गराउने, अनि प्रधानमन्त्री, राष्ट्रपति, केही नेताले अन्तर्क्रिया गर्न बोलाउने बाहेक सम्पादकहरूको भेट हुने कुनै थलो छैन । बाह्र भाइ भनेर लाञ्छित सम्पादकहरूले खासै जवाफ दिनुपर्ने खाँचो देखेनन्। तर ७ वटा अदालतसम्म मुद्दा खेपिरहेका आरोपीहरूले भने उल्टै हामीलाई रक्षात्मक बनाउँदै लगे । सुशासनको नियमलाई अपवादहरूले कब्जा गर्दा पनि हामी बोल्नै नसक्ने भयौं, जबकि हामीसामु नागरिकको बोली बन्नुपर्ने गुरूत्तर दायित्व थियो ।

हामी त आफ्नै पेशागत हितका लागि पनि बोल्न नसक्ने गरी निरीह के कारणले भयौं ? अलि अलि हाम्रो पनि दोष छ, अलि अलि चाहिं पपुलिज्म अर्थात् प्रियतावादसँग जुध्नु हाम्रो पेशागत काम नै हो भनेर समयमा ठम्याउन नसक्नु पनि कमजोरी नै हो । अब हामी त्यसो नगरूँ । ढिलै भए पनि प्रियतावाद विरूद्ध जुधौं । स्वयं हामीभित्र सुषुप्त प्रियतावादी आकांक्षाविरूद्ध पनि जुध्ने संकल्प गरौं । हामी बाह्र भाइ होइनौं, जसलाई पहिलोपल्ट रवि होइन केपी ओलीले संज्ञा दिएका थिए। विदेशतिर 'एडिटर्स गिल्ड' हुन्छ, जो नेपालमा छैन । हामी त चाहिने कुरामा पनि समयमा छलफल गर्न तयार हुँदैनौं।

रवि त आफ्नो उद्देश्यमा सफल भए । उनको नागरिकता प्रमाणपत्र, पासपोर्ट हुँदै सहकारी संस्थाहरूको रकम अपचलनमा संलग्नताबारे तथ्य र प्रमाणसहित अनेक रिपोर्टिङ गरिए। यस्ता रिपोर्ट रविको बारेमात्रै होइन, धेरै दलका धेरै नेताबारे नेपाली मिडियाले गरेको छ । तर रविको तथ्य बाहिर ल्याएको मूल्य नेपाली प्रेसले चुकाउँदा हाम्रा लागि बोलिदिन समाज आएन । त्यसैले हुनुपर्छ, सिंगै मिडिया हाउस जलाउँदा, पत्रकारको जीवन र पेशागत सुरक्षा संकटमा पर्दा पनि हामीले समयमा आवाज बन्न सकेनौं । हामी सम्पूर्ण रूपमा आवाजै रोकिने गरी डरायौं त म भन्दिनँ, हामी आफ्नै स्वभाव अनि मूलधारे मिडियाको बनिबनाउँ भाष्य जोगाउने काल्पनिक कर्तव्यका कारण धकायौं ।

अब हामी नधकाउँ । हामीलाई हिजोआज केही सोध्नुअघि कि त कुनै दलको निकट देखाइन्छ र हाम्रा प्रश्नको वजनलाई खारेज गर्ने कोसिस गरिन्छ। कि त हामीलाई विगतको कुनै एउटा समाचार वा विचार देखाएर खारेज गरिन्छ । केही नलागे लिगेसी मिडिया भन्ने शब्द थोपरेर असान्दर्भिक देखाउन खोजिन्छ । र सबैभन्दा डरलाग्दो कुरा, हामीलाई कतृवाच्य होइन, कर्मवाच्यमा लेख्न घुमाउरो दबाब सिर्जना गरिन्छ । एउटा व्यक्तिको हातमा जब २ सयभन्दा बढी फेसबुक पेज हुन्छन्। नियत खराब भएका केही पैसावालहरूलाई उसले ती पेजहरु बिक्री गर्छ । वा खास झोलेहरूलाई उसले आइडी पासवर्ड थमाउँछ । तिनको काम हामीलाई झोले करार गर्नु हुन्छ । विद्यार्थी आन्दोलन सकिएको धेरै समयपछि बल्लतल्ल चुनाव हुन सक्यो बंगलादेशमा । त्यहाँ विद्रोहपछि व्यवस्थापन भएन, अव्यवस्था संस्थागत भयो । यसरी नेपालमा पनि बंगलादेश बनाउने खेती चल्यो । बंगलादेश बनाउने उद्यममा प्रचण्डमात्रै लागेका थिएनन्, यहाँका बडेबडे विचार निर्माताहरु पनि सलाई र मटितेल बोकेर आगो सल्किने दिनेको प्रतीक्षामा मज्जैसँग सामेल थिए । मैले ०८१ भदौ १२ मा प्रचण्डले बंगलादेशवादी धम्की दिएपछि अनलाइनखबरमा लेखेको थिएँ, 'नेपाल बंगलादेश बन्नुहुँदैन । कथं नेपाल बंगलादेश बनेछ भने प्रचण्डमात्रै चैनले खुमलटारमा सुत्न पाउने छैनन् ।' एक वर्ष १२ दिनपछि प्रचण्डको हालत त्यही भयो, जो उनले कल्पेका थिए।

**लु भो, चाहिएन बंगलादेश**

प्रचण्ड, ओली, देउवाको घर जल्यो। यो कुनै खुसियाली मनाउने कुरा थिएन । यो त हामी विचार निर्माता भनिनेहरूले गम्भीर रूपमा आत्मसमीक्षा गर्नुपर्ने विषय थियो । आगो लगाउन सजिलो हुन्छ, निभाउन कठिन । हामीलाई हिजो पनि आगो निभाउन उत्प्रेरित गर्ने नेतृत्व चाहिएको थियो, आज पनि चाहिएको छ, भोलि पनि चाहिने छ। अनलाइनखबरसँगको पछिल्लो अन्तर्वार्तामा प्रचण्डलाई सुनौं त । बल्ल उनले बुझे, बंगलादेशमा जुन तरिकाले जे भयो, त्यो प्रकारान्तरले सही थिएन। विद्रोहको आह्वान गर्नु सजिलो हुन्छ, त्यसपछिको व्यवस्थापन गाह्रो । शान्ति प्रक्रिया आधा छाडेका प्रचण्डलाई यो तथ्य कसले बुझाइदिने? यी सबका बीच हामी देखिरहेका छौं- प्रतिक्रिया र उत्तेजनाको राजनीतिले सर्वाधिक ताली पाइरहेको छ । लाइक, लभ रियाक्ट तिनैमा छ। कसैले सोचविचार गरेर केही विश्लेषण गऱ्यो भने उसप्रति अटेन्सन् छैन । कुखुरोलाई मत मागेर, अनुहार ढाकिनेगरी लालीगुराँसको माला लगाएर, खोलाका माछालाई गीत सुनाएर, किसानले जोतिरहेको खेतको सियो नै बिग्रनेगरी हलो जोतेर उम्मेदवार हिँडिरहेका छन्। हामी केवल तिनका माइक र प्रचारक बनेका छौं ।

तिनले सांसद बनेमा के गर्नेछन्, तिनले सत्ता हाँक्न पाएमा कस्तो योजना कार्यान्वयन गर्नेछन्, त्यसले कसलाई लाभ पुग्नेछ भन्नेमा विवेचना कम छ। हामी अल्गोरिद्मका खपतकर्ता मात्रै बनेका छौं । हामी डिजिटल मासुभात खाँदैमा मग्न छौं। देश सुधार्न दल सुधार्नुपर्छ । दल सुधार्न नेता सुधार्नुपर्छ। नेता सुधार्न हामी सुध्रिनुपर्छ । हामी सुध्रिन कति समय लाग्ला? हामीमध्ये कतिले साँचो अर्थमा व्यक्तिको उपस्थितिलाई एजेन्डासँग जोड्यौं, अनि कतिले अनुहारको भिड देखाएर एजेन्डालाई विस्थापित गऱ्यौं, गर्दैछौं- निर्मम आत्मसमीक्षा गरौं । सिएमआर नेपाल जर्नलिज्म एकेडेमीले 'डिजिटल युगमा पत्रकारिता' पुस्तक भर्खरै सार्वजनिक गरेको छ । जर्मन भाषाको चौथो संस्करणबाट नेपालीमा अनुदित पुस्तक स्टेफान रूसमोल र तन्जिभ शुल्जले लेखेका हुन् ।

पुस्तकले भन्छ- इन्टरनेटका कारण हामी यस्तो अवस्थामा पुगेका छौं जहाँ प्रोपागान्डा अर्थात दुष्प्रचार र भ्रामक सूचनाको प्रसार पनि लाभदायक हुन पुगेको छ । मिडियालाई नियन्त्रणमा राख्न चाहने शासकहरु अन्तर्राष्ट्रिय जगतमा आफ्ना प्रचारकको युनिट नै बनाएर मिथ्या सूचना प्रवाह गर्न लागिपर्छन्। अर्को खण्डमा सोही पुस्तकले भन्छ- सिद्धान्ततः मिडिया प्रयोगकर्ताहरूले पत्रकारितालाई प्रभाव पार्नु सन्तोषजनक हो । यद्यपि पत्रिका वा सामाजिक सन्जालमा प्रतिक्रिया जनाउँदा उनीहरु सभ्य रूपमा प्रस्तुत हुनेछन् भन्ने आशा गरौं । जबसम्म धेरै मानिसमा यो दृष्टिकोण वा इच्छाको अभाव हुन्छ, तबसम्म पत्रकारिता बर्मुडा त्रिकोणमा हराउने खतरा रहिरहन्छ । उक्त पुस्तकको सन्दर्भ लिँदै यहाँ भन्न खोजिएको के हो भने लोकतन्त्र बचाउने कि खुम्च्याउने मिडिया प्रयोगकर्ता अर्थात् आम नागरिकको हातमा धेरैथोक निर्भर गर्छ । हाम्रा रूचि पछ्याउँदै हामीले चाहेको सामग्री सोसल मिडिया अल्गोरिद्मले पठाउँछ । तर अल्गोरिद्मले पठाउने सामग्री विशुद्ध हाम्रो रूचि आधारित हुन्छन् भन्ने केही ग्यारेन्टी छैन । सूचनाको साम्राज्यलाई हाँकिरहेको ठूलै 'टेक ग्रुप' बाट थाहै नपाई हामी शासित भइरहेका छौं । हाम्रो लोकतन्त्र, हाम्रो संविधान र कतिसम्म भने हाम्रो चुनावसमेतलाई त्यसले अपहरित गरिदिने खतरा छ ।

लोकतन्त्र स्टारडमले चल्दैन । लोकप्रिय नेताको आगमन र लोकप्रियतावादी नेताको आगमन दुई भिन्न कुरा हुन् । नागरिकसँग दोहोरो संवाद गर्ने, त्यो संवाद अनुसार राज्यका नीति र योजना बनाउने सत्ता सञ्चालक चुन्न हामी सक्षम छौं कि छैनौं ? तत्कालीन राजाको राज्याभिषेकदेखि जिल्ला भ्रमणमा नागरिकको घुइँचो सबै देखेर आएका नागरिक हौं हामी। ०६३ को जनआन्दोलनका बेला जन्मेको पुस्ता पनि अब भोट हाल्ने र नेता चुन्ने हैसियतमा पुगिसक्यो । यसलाई आफ्नै निकट विगतको इतिहास पढ्ने जाँगर पक्कै छ।

नेपालमा राजा सबैभन्दा ठूला सेलेब्रिटी थिए, तर नागरिकको मतसम्मत शासन नचलाउँदै उनले बाध्यतावश बिदा हुनुपर्यो। राजावादीहरु भन्ने गर्छन्, दलले राजालाई धोका दिए। तर राजाले धेरैपल्ट नागरिकहरूलाई सामाजिक र संवैधानिक करार उल्लंघन गर्दै धोका दिने हुँदा जिल्ला भ्रमणहरूकै अभूतपूर्व जनसागरको धुलो सेलाउन नपाउँदै उनी इतिहासको गर्तमा विलीन बन्न पुगेको यथार्थ अस्तिको नेपालको हो । संसदीय चुनावले कार्यकारी प्रधानमन्त्री चुनावको झल्को पाएको छ। गगन थापा, केपी ओली, बालेन शाह, हर्क साम्पाङ घोषित प्रधानमन्त्री उम्मेदवार छन् । प्रचण्डले हामीसँग भनेझैं यीमध्ये कोही वा दौडमै नभएको व्यक्ति पनि प्रधानमन्त्री बन्न सक्ला । उनी म्याजिक नम्बरमा जो विश्वास गर्छन् । तर जोसुकै प्रधानमन्त्री भए पनि त्यो संवैधानिक करार मान्नलाई सत्तामा जान्छ कि मनखुसी गर्नलाई सत्तामा जान्छ ?

यही बीचमा चुनावमार्फत् पपुलिज्म अर्थात प्रियतावाद आउला कि भनी एमालेले डर देखाएको । अघिल्लो साता हाम्रो टिम झापामा जाँदा यसैको वरिपरि बहस सुन्न पाइएको थियो । ओलीकै छिमेकीहरु आज नयाँ भाषा बोल्दैछन् जसबारे एमाले पंक्ति बेखबर छ । प्रियतावादका पितामह उनै ओली थिए, जसलाई प्रोम्याक्स भर्सन्मा अरूले चलाउन खोजेको मात्रै हो ।

त्यसैले बुझ्नुपर्ने के छ भने एमाले, कांग्रेसको सत्ता सञ्चालन अवधिमा गरिएका शृंखलाबद्ध कमजोरीको उपज हुन् यी लोकप्रियतावादी नाराहरु । ग्रेटर नेपालका नारा सामाजिक सञ्जालका उफान हुन्, जसलाई साँचिकै भूराजनीतिक मञ्चमा बसेर डिल गर्नुपर्ने अवस्था उत्पन्न भए कस्तो अवस्था आउला, सम्झँदै हाम्रो राष्ट्रिय क्षमता र सीमाको कहालीलाग्दो बोध हुन्छ ।

राष्ट्रिय स्वार्थ भनेको काँचो आवेग होइन, यो नागरिकको मनभित्र बसेको पवित्र भावना हो, जसलाई उत्तेजनाका व्यापारीहरूले खोसिदिने खतरा छ । दलले नागरिकलाई दास ठान्दा हामीले प्रेस, नागरिक समाजबाट पुग्दो दबाब सिर्जना गर्न सायद सकेनौं । हामी बोल्न त बोल्यौं, तर आवाजको वजन पुगेन। हामीले दलहरूका कमजोरीबारे र सुधारको सम्भावनाबारे लेख्दै बोल्दै आयौं । तर गणतन्त्र पो संकटमा पर्ला कि भन्ने डरले हामी पनि सम्पूर्ण ताकतका साथ बोल्न कहीं न कहीं धकायौं। राजाको विकल्प खोज्ने नागरिकले चाहे भने दलविशेषकै पनि विकल्प खोज्न सक्छन् त कुन ठूलो कुरो भयो ! त्यसैले आज आफ्नो भागको जिम्मेवारी नलिई पपुलिज्मको मात्रै डर देखाउँदा एमाले र अरु पार्टीहरु महान् र बढ्ता सान्दर्भिक हुँदैनन् । नेतृत्व नबदलिई विद्रोहपछिको चुनावमा जाँदाको मूल्य समयक्रममा तिनले नै तिनुपर्ने छ । तर हाम्रोमा आफूबाहेक सबै जवाफदेही बन्नुपर्ने अघोषित नियमले काम गरेको छ । यी सबै पृष्ठभूमिमा हामी पत्रकारहरूका प्रश्नहरूले सही समयमा सही ठाउँमा काम गरे कि गरेनन्, आफैंलाई पनि सोधौं ।

हो, पक्कै पनि विजय कुमार र टंक दाहालले युट्युबमा, किशोर नेपाल, सौरभ र पुरूषोत्तम दाहालले लेखमा, सरला गौतमले टिकटकमा सोधेका कतिपय प्रश्नले यथार्थका केही अंश अवश्यै प्रतिनिधित्व गर्छन्। तर नेपालमा उदाइरहेको नयाँ पुस्ताको पत्रकार पंक्ति 'मिडिया गिरोह' वा 'मिडिया ग्याङ' होइन। मेरो अध्ययन, सूचना र जानकारी अनुसार नेपालमा मिडिया गिरोह कहिल्यै थिएन । अहिले पनि छैन । केही व्यक्तिहरु हिजो आफ्नो सेवाकालमा पेशागत दायित्वबाट च्युत भए भन्दैमा अग्रज र समकालीन साथीहरु भावनामा बहकिनु हुँदैन। चुनाव त आउँछ, जान्छ। एउटै कामना छ, लहरसँगै बगेर पत्रकारिता नजाओस्। पत्रकारको पेशागत सुरक्षा जोगाउने चिन्ता हामी स्वयंले लिनुपर्ने छ । हाम्रो स्वतन्त्रता जीवित रहँदा नागरिकको अभिव्यक्ति स्वतन्त्रता थप बलियो हुन्छ। सूचना विभाग, प्रेस काउन्सिल, पत्रकार महासंघदेखि अरु धेरै पब्लिक प्लाटफर्मलाई जीवन्त र परिणाममूखी बनाउने हो । हामी आफैंले आफैंलाई आफ्ना आचार विचारमा नियमन गर्ने हो । प्रेसको साख कुनै जादुगर आएर बचाइदिनेवाला छैन। त्यो हामीले दैनन्दिनको कर्ममा पुष्टि गरेर बचाउने हो । यसभित्रका कमजोरी हामी आफैंले सघन छलफलका बहुमुखी स्पेस सिर्जना गर्दै सुधार्ने हो ।

यसो गर्न सकेमा हामी निर्धक्क प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पैरवी गर्न भोलिका दिनमा पनि सक्षम हुनेछौं । नत्र अल्गोरिद्मको अदृश्य शक्तिले हामीलाई हाराबारा खेलाइरहने छ । राजा र विद्रोहीको बन्दुकसँग नढलेका हामी अदृश्य फेसबुक पेज र टिकटक रिल्सहरूसँग गल्दै जानेछौं। त्यही अँध्यारोमा लोकतन्त्रको सुस्तरी मृत्यु हुन सुरू गर्ने छ । त्यसैले स्वतन्त्रताको यो बहस चुनावको मुखमा सुरू भए पनि अहिल्यै सकिनु हुँदैन। अब मिडियालाई गिरोह भन्देको भरमा प्रश्नबाट कसैले भाग्नु हुँदैन। यसपल्ट जवाफ माग्नेहरूबाटै जवाफदेहिता अपेक्षित छ। अनलाइनखबरबाट

एक्स : @basantabasnet


# Bandipur Rural Municipality
## Office of the Rural Municipal Executive
Bandipur, Tanahun. Gandaki Province, Nepal

## Invitation for Electronic Bids

**First Date of Publication: 2082/11/05 (17th Feb, 2025)**

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following Goods under National Competitive Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount NRs. (Non VAT able Items) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/GOODS/VET/01/2082/083 | Procurement and Supply of Veterinary Medicine | 7,49,114.50 | 19,000.00/- (Validity: 120 days) | 3,000.00 | 19th March 2025, 12:00 Hrs | 19th March 2025, 13:00 Hrs |

2. Bidder must submit tax clearance of F/Y: 2080/081.
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun or PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

# मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबार:** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै:- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ फागुन ०५, मंगलबार
February 17, 2026



**मत माग्दै घरदैलोमा उम्मेदवार** : राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं प्रतिनिधिसभा निर्वाचनका लागि तनहुँ-१ का उम्मेदवार डा. स्वर्णिम वाग्लेको चुनावी अभियानअन्तर्गत सोमबार बिहान दमौलीको सफासडकका मतदातासंग आफ्नो पक्षमा मत माग्दै । *तस्विर : भञ्ज्याङ*

# ग्रामीण पर्यटन प्रवर्द्धनका लागि बच्र्याङमा मगर संस्कृति चिनारी कार्यक्रम

भञ्ज्याङ समाचारदाता/दमौली

ग्रामीण पर्यटनको प्रवर्द्धनसँगै मगर समुदायको भाषा, संस्कृति र जीवनशैलीलाई उजागर गर्ने उद्देश्यले सोमबार साँझ तनहुँको म्याग्दे गाउँपालिका-३ स्थित बच्र्याङ गाउँमा 'ग्रामीण पर्यटन प्रवर्द्धन तथा मगर संस्कृति चिनारी कार्यक्रम' गरिएको छ ।

व्यास-१ दमौलीस्थित आदिकवि भानुभक्त क्यापसले आदिवासी जनजातिको भाषा, संस्कृति, कला, साहित्य तथा ग्रामीण पर्यटनको संरक्षण, प्रवर्द्धन र विकासका लागि वार्षिक कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन गर्दै आएको सन्दर्भमा बच्र्याङमा उक्त कार्यक्रम आयोजना गरेको हो । क्याम्पसले समुदायसँग सहकार्य गर्दै स्थानीय स्रोत, संस्कृति र पहिचानलाई शैक्षिक अभ्याससँग जोड्ने प्रयासस्वरूप कार्यक्रम अघि बढाएको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी गराए ।

बच्र्याङ होमस्टे व्यवस्थापन समितिका अध्यक्ष गिरबहादुर थापाको अध्यक्षतामा आयोजि



कार्यक्रममा पर्यटनविद् हरिसिंह गुरूङले ग्रामीण पर्यटनको अवधारणा, सम्भावना र दिगोपनाका आयामबारे प्रकाश पारेका थिए । उनले गाउँको मौलिकता, स्थानीय उत्पादन र सांस्कृतिक पहिचान जोगाउँदै पर्यटक आकर्षित गर्न सकिने धारणा व्यक्त गरे ।

त्यसैगरी व्यास नगर मगर संघका अध्यक्ष तथा क्याम्पस सञ्चालक समितिका सदस्य क्याप्टेन सोमबहादुर थापाले मगर समुदायको रीतिरिवाज, चालचलन, भाषा, पेशा तथा संस्कारबारे सहभागीलाई जानकारी गराए । उनले परम्परागत ज्ञान र संस्कृतिलाई पुस्तान्तरण गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गरे ।

कार्यक्रममा तनहुँ, लमजुङ, कास्की, गोरखा र नवलपुरका २० वटा सामुदायिक क्याम्पसका ३० जना प्राध्यापक र २ जना कर्मचारीको सहभागिता रहेको थियो। साथै बच्र्याङ होमस्टे व्यवस्थापन समिति र स्थानीय गाउँलेहरूको पनि उल्लेख्य उपस्थिति रहेको आयोजकले जनाएको छ ।

कार्यक्रमको औचित्यबारे क्याम्पस प्रमुख हड्खलेले बोल्दै ग्रामीण पर्यटनलाई शैक्षिक अध्ययन, अनुसन्धान र सामुदायिक सशक्तीकरणसँग जोड्नुपर्ने आवश्यकता औल्याए। उनले क्याम्पस र समुदायबीच सहकार्य सुदृढ गर्दै स्थानीय स्रोतसाधनको पहिचान र प्रवर्द्धनमार्फत दिगो विकास सम्भव रहेको धारणा राखे ।

समुद्री सतहबाट करिब ९५० मिटर उचाइमा अवस्थित बच्र्याङ होमस्टेमा ८५ घर मगर समुदायको बस्ती रहेको छ। तनहुँको सदरमुकाम दमौलीबाट करिब ७ किलोमिटर दूरीमा रहेको यो गाउँ प्रख्यात पर्यटकीय स्थल मानुकोटबाट करिब ३ किलोमिटर दुरीमा पर्छ । म्याग्दे गाउँपालिकाले बच्र्याङलाई सुन्तला खेतीको पकेट क्षेत्र घोषणा गरेको छ। यहाँ पीडालु, तोरी, कोदो, मकै, मास र फापरजस्ता रैथाने बालीको उत्पादन हुँदै आएको छ । कृषि उत्पादन, मौलिक खानपान र मगर संस्कृति समेटिएको बच्र्याङ गाउँ कृषि पर्यटनका लागि उपयुक्त गन्तव्यका रूपमा विकास हुँदै गएको स्थानीयको भनाइ छ ।

जलवायु तथा वातावरणमैत्री कृषिमा अग्रसर बच्र्याङले ग्रामीण पर्यटन र परम्परागत संस्कृतिलाई सँगै अघि बढाउँदै नमूना गाउँका रूपमा परिचित हुने अपेक्षा गरिएको छ ।


## निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, न्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामाग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलुस वा न्यालीमा ध्वनि तथा वायु प्रदुषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामाग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

**हरित निर्वाचन अभियानलाई सफल पारौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**रामेश**
x.com/RaameshKoirala

सेतोपाटीले विगतमा पनि मिलाएको थियो र यसपटक पनि मिलाउला । तर जिम्मेवार सञ्चार गृह अब आफ्ना आकलन लेखिदिएकाले चुनाव 'नहुने त हैन ?' भन्नेमा सचेत हुनु पर्छ । पहिलोदेखि पाँचौंसम्म कुन भन्ने लगभग सबैलाई थाहा छ। हार्नेलाई पनि जित्ने आसमा चुनावमा जान दिऔं! चुनाव होस् ! विग्रह ननिम्त्योस् !



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

पाँच वर्षमा प्रति व्यक्ति जिडिपी (चालु डलरमा) दोब्बर ?

- सैद्धान्तिक हिसाबले असंभव छैन । १४% वार्षिक वृद्धिदर आवस्यक।
- नेपालको जनसंख्या जनसंख्या वृद्धिदर, डलरको मुद्रास्फीति र विनिमय दरले गर्दा आवस्यक वृद्धिदर रू १४% भन्दा घटी/बढि हुनसक्ने।
- मुलकुरा 'कसरी' भन्ने हो। नेपालको हकमा निकै कठिन।
- केही देशले भने निश्चित अवधिमा यस्तो वृद्धिदर हासिल गरेका छन्। उदाहरणका लागि विश्वबैंकको तथ्याङ्क अनुसार दक्षिण कोरियाको प्रति व्यक्ति जीडीपी (चालु US$) सन् १९८३ मा $४२,१९९ भएकोमा १९८८ मा $४४,७४९ पुगेको देखिन्छ ।

# वैदेशिक अनुदान सिधै .......

कल्याण परिषद् मार्फत मात्र जलवायु वित्त परिचालन गर्न पाउनेछन् । उनीहरूले वार्षिक प्रगति विवरण र रकम प्रवाह विवरण अनिवार्य मन्त्रालयको 'डिजिटल प्ल्याटफर्म' मा प्रविष्ट गर्नुपर्ने छ भने वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ र लेखा परीक्षण गराउनुपर्ने गरी तोकिएको छ ।

### मन्त्रालयको 'डिजिटल' निगरानी र सम्पर्क बिन्दु

जलवायु वित्त परिचालनको सम्पर्क बिन्दुका रूपमा अर्थ मन्त्रालय रहने गरी तोकिएको छ। मन्त्रालयले सबै जलवायु वित्तका गतिविधिको एकीकृत विवरण राख्न एउटा डिजिटल प्ल्याटफर्म सञ्चालन गर्ने छ। यस प्ल्याटफर्ममा परियोजना विवरण, बजेट, दातृ निकाय र प्रगति विवरण समावेश हुनेछन् । मन्त्रालयले आवश्यक देखिए तेस्रो पक्षबाट समेत परियोजना कार्यसम्पादन लेखा परीक्षण गराउन सक्ने अधिकार राखिएको छ । जलवायु वित्तमा जलवायु कोषबाट प्राप्त हुने रकम, विकास साझेदारबाट प्राप्त हुने रकम, नेपाल सरकारको आन्तरिक स्रोतबाट योगदान भएको रकम रहने समेत कार्यविधिमा उल्लेख छ ।

### उच्चस्तरीय संयन्त्र र सचिवालय

कार्यविधि कार्यान्वयन गर्न अर्थ सचिवको संयोजकत्वमा १७ सदस्यीय 'जलवायु वित्त निर्देशक समिति' गठन गरिएको छ । यसैगरी परियोजनाहरूको प्राविधिक मूल्यांकन र सिफारिस गर्न अर्थ मन्त्रालयकै सहसचिवको संयोजकत्वमा 'प्राविधिक समिति' रहने छ ।

मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा रहने 'जलवायु वित्त इकाइ' ले यी दुवै समितिको सचिवालयका रूपमा काम गर्ने छ । कार्यविधि लागु भएसँगै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु वित्तका लागि गर्ने दाबी र प्राप्त हुने सहायता परिचालन थप विश्वसनीय र नतिजामुखी हुने विश्वास अर्थको छ । अनलाइनखबरबाट

# देशलाई नयाँ चरणमा ..........

छौं । देश जान्दछ कांग्रेस बदलिएको छ र यो पनि देश जान्दछ। जो बदलिन सक्छ उसैले बदल्न सक्छ ।'

यस्तै, उनले चुनाव केवल दलको जित हारको विषय नभई देशलाई संकटबाट निकास दिने क्षमताको परीक्षण गर्ने समय भएको बताए । उनले भने, 'मूल प्रश्न कुन दलले जित्ने भन्ने होइन, विषम परिस्थितिमा देशलाई कसले संयमतापूर्वक समन्वय गर्न सक्छ र कसले परिपक्व तवरबाट फूलको माला जसरी गाँस्न सक्छ र देशलाई स्वच्छ बनाएर हाँक्न सक्छ भन्ने हो ।'

उनले ऐतिहासिक तथ्यका आधारमा कांग्रेसले मुलुकलाई सही ढङ्गले अघि बढाएको उदाहरण जनतामाझ लैजान आग्रह गरे । कांग्रेस यतिबेला सभापति गगन थापालाई प्रधानमन्त्री बनाउने अभियानमा लागेको बताउँदै उनले भने, 'त्यही अभियानको लहर तनहुँमा पनि मिसिनेछ । देशलाई नवीन सपनामा, नवीन मार्गमा लैजानुछ। यदि सही ढङ्गले देशलाई अघि बढाउन सकेनौं भने अहिले जेनजी विद्रोह भयो । दश वर्षपछि फेरि अल्फाको विद्रोह हुनेछ । हामी त्यो अवस्था बन्न दिने छैनौं।'

नेपाली कांग्रेस तनहुँ क्षेत्र नं. १ का उम्मेदवार गोविन्द भट्टराईले यहाँ सुशासन, समृद्धि कायम गर्दै आमनागरिकको माग पूरा गर्न प्रतिबद्ध रहेको बताए । विषम परिस्थितिलाई चिरेर देशकै जिम्मेवारी लिने गरी अगाडि बढेकाले कांग्रेसलाई मतदान गर्न उनले आग्रह गरे ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
Phone: 065563907, 9856060376

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४